# स्थानीय राजपत्र

देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ४) देवदह नगरपालिका, मिति: २०७८/०३/३१ (संख्या ४

## भाग–१

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको ऐन नं. ४

### ऐनको नाम : देवदह नगरपालिकाको विनियोजन ऐन, २०७८

नगर सभाबाट स्वीकृत मिति: २०७८/०३/२५

**प्रस्तावना:** देवदह नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको

धारा २२९ को उपधारा (२) बमोजिम देवदह नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७८/०७९ को लागि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसूची-१ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु १,०४,२८,२४,०००/- (अक्षेरुपी एक अरव चार करोड अठ्ठाइस लाख चौविस हजार मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. बिनियोजन**

१. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को लागि देवदह नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखीन अएमा नगर

कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

नेपालको संविधानको धारा २३० को उपधारा (१) अनुसार राजश्व र व्ययको अनुमान तपसिल वमोजिम रहेको छ ।

## आ.व. २०७८/७९ लागि अनुमानित आय

| क्र. सं. | शिर्षक | आ.व. ०७८/०७९ को अनुमानित | कैफियत |
|---|---|---|---|
| | आन्तरिक आय | | |
| १ | आन्तरिक राजश्व | १११०००००० | |
| २ | जि.स.स | १९০০০০০০ | |
| ३ | गत वर्षको नगद मौज्दात | ५०६९५१४३ | |
| ४ | गत वर्षका क्रमागत योजनाहरु | ६५०००००० | |
| | जम्मा | २४५६९५१४३ | |
| | लुम्बिनी प्रदेश वाट प्राप्त | | |
| १ | वित्तिय समानिकरण लुम्बिनी प्रदेश | ७८७९००० | |
| २ | राजश्व वाडफाड सवारी साधन कर लुम्बिनी प्रदेश | ११६१३८५७ | |
| ३ | समपुरक कोष लुम्बिनी प्रदेश | २००००००० | |
| ४ | शशर्त अनुदान लुम्बिनी प्रदेश | ११५४४००० | |
| ५ | विशेष अनुदान लुम्बिनी प्रदेश | ७०००००० | |
| | जम्मा | ५८०३६८५७ | |
| | संघीय सरकारवाट प्राप्त | | |
| १ | शशर्त अनुदान संघीय | २६१५००००० | |
| २ | सामाजिक सुरक्षा | १८०००००० | |
| ३ | समपुरक अनुदान | ३०००००० | |
| ४ | वित्तिय समानिकरण संघ | १६४५००००० | |
| ५ | राजश्व वाडफाड संघ | १०३०९२००० | |
| | जम्मा | ७३९०९२००० | |
| | कुल जम्मा | १०४२८२४००० | |

# आ.व. २०७८/७९ को अनुमानित क्षेत्रगत व्यय

| शिर्षक | उपशिर्षक | विनियोजन | क्षेत्रगत जम्मा |
|---|---|---|---|
| आर्थिक विकास | सहकारी | ५००००० | |
| | पर्यटन | ५४००००० | |
| | पशु सेवा | ७५००००० | |
| | भुमि व्यवस्था | १५०००००० | |
| | कृषि सेवा | ७५००००० | ३५९००००० |
| सामाजिक विकास | लैङ्गिक समानता सामाजिक समावेशिकरण | १००००००० | |
| | महिला तथा बालबालिका | ३०००००० | |
| | स्वास्थ्य | ६५००००० | |
| | शिक्षा | ३१४८०००० | |
| | खेलकुद | २०००००० | |
| | उपप्रमुख संग महिला कार्यक्रम | ३०००००० | |
| | नगरप्रमुख संग उद्यमी रोजगार कार्यक्रम | २५००००० | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | २००००० | |
| | बालमैत्री शासन | १४५०००० | |
| | नेपाल पत्रकार महासंघ | ३००००० | |
| | सामाजिक सुरक्षा | १८००००००० | २४०४३०००० |
| पुर्वाधार विकास | सहलगानी , म्याचिङ फण्ड तथा सडक बोर्ड | २००००००० | |
| | डि.पि.आर. (प्रोजेक्ट बैंकको लागि) | २५००००० | |
| | वडा नं. १, २, ३, ४, ५, ७, ८, ९, १२ बाट | १८००००० | २४३००००० |
| वातावरण तथा विपद व्यवस्थापन | वातावरण तथा विपद व्यवस्थापन | १०६५०००० | |
| | विपद् व्यवस्थापन कोष | ६०००००० | १६६५०००० |
| संस्थागत | अभिलेख व्यवस्थापन | १०००००० | |

| शिर्षक | उपशिर्षक | विनियोजन | क्षेत्रगत जम्मा |
|---|---|---|---|
| विकास तथा सेवा प्रवाह | वित्तिय व्यवस्थापन (राजश्व क्याम्पिङ्ग) | १०००००० | |
| | बजार अनुगमन | ३००००० | |
| | सूचना प्रविधि संचार | ५००००० | |
| | सफ्टवेयर व्यवस्थापन | २००००० | |
| | पर्यटन काज | ४०००००० | |
| | न्यायिक समिति | २०००००० | |
| | लेखांकन तथा आन्तरिक लेखापरिक्षण | ३००००० | |
| | योगदानमा आधारित सामाजिक सुरक्षा | १०००००० | |
| | कार्यालय संचालन(चालु खर्च) | १५०००००००० | १६०३००००० |
| नगर प्रमुख उपप्रमुख सम्बोधित कार्यक्रम | नगर प्रमुख सम्बोधित कार्यक्रम | ३०००००० | |
| | नगर उप प्रमुख सम्बोधित कार्यक्रम | ३०००००० | ६०००००० |
| शशर्त | संघीय | २६१५००००० | |
| | प्रदेश | ११५४४००० | २७३०४४००० |
| वडा कार्यालय | १२ वटा वडाका कार्यक्रम | ९४२००००० | |
| | वडा नं. ५,७,९ र १२ | २०००००००० | ११४२००००० |
| समपुरक | संघीय समपुरक | ६०००००००० | |
| | प्रदेश समपुरक | ४०००००००० | १०००००००० |
| विशेष अनुदान | मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम | ७०००००० | ७०००००० |
| | गत वर्ष क्रमागत योजना | ६५०००००० | |
| जम्मा | | १०४२८२४००० | |

प्रमाणीकरण मिति : २०७८/०३/३१

आज्ञाले,
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत